पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे



सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ११३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख २३ गते मंगलबार ❑ 6 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेपाल-चीन साझेदारी ऐतिहासिक र मजबुत छन्: सभापति देउवा

**रासस**
काठमाडौं, २२ बैशाख



नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालको विकास प्रयासमा छिमेकी चीनको सहयोग प्रसंशनीय रहेको बताउनुभएको छ।

नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुगेको सन्दर्भमा जिपी कोइराला फाउन्डेसनले सोमबार यहाँ आयोजना गरेको तस्बिर प्रदर्शनीको उद्घाटन गर्दै उहाँले नेपाल-चीन सांस्कृतिक, आर्थिक र सामाजिक साझेदारी ऐतिहासिक र मजबुत रहेको बताउनुभयो । नेपालको पूर्वाधार विकास, व्यापार, पर्यटन, सांस्कृतिक तथा शैक्षिक आदानप्रदान, जलवायु परिवर्तन एवं वातावरणीय सहकार्यलगायत क्षेत्रमा चिनियाँ सहयोगप्रति आभार प्रकट गर्दै सभापति देउवाले आगामी दिनमा चिनियाँ सहयोग थप अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । "फोटो प्रदर्शनीले चीनसँगको सहकार्यलाई थप मजबुत बनाउने, जनस्तरको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विश्वास व्यक्त गर्दछु",उहाँले भन्नुभयो, "नेपाल-चीन सांस्कृतिक र शैक्षिक सम्बन्धलाई पनि प्रगाढ बनाउनाका साथै यसले दुई देशका जनताबीच आपसी सहमति र सहकार्यको भावना जागृत गराउने छ।" पूर्वप्रधानमन्त्री देउवाले नेपाल सदैव एक चीन नीतिप्रति प्रतिबद्ध रहेको उल्लेख गर्दै नेपाली भूमिमा चीनविरोधी कुनै पनि गतिविधि हुन नदिइने स्पष्ट पार्नुभयो । कांग्रेस नेता डा शेखर कोइरालाले नेपालको विकास प्रयासमा चीनले गरेको सहयोग प्रशंसनीय रहेको उल्लेख गर्दै नेपाल चीन मैत्रीपूर्ण सम्बन्ध उदाहरणीय रहेको बताउनुभयो । नेपाल एक चीन नीतिको पक्षमा निरन्तर उभिँदै आएको जनाउँदै उहाँले छिमेकीका रूपमा चीनको चासोलाई नेपालले उच्च महत्व दिँदै आएको बताउनुभयो ।

नेपालका लागि चीनका राजदूत चेन सोङ्ले आपसी सहकार्य र मित्रताका आधारमा चीन नेपाल सम्बन्ध अघि बढिरहेको बताउनुभयो ।

नेपाल र चीनबीच आर्थिक, व्यापारिकलगायत विविध क्षेत्रमा सहकार्य रहँदै आएको भन्दै उहाँले दुवै देशका तर्फबाट भएका उच्चस्तरका भ्रमण आदानप्रदानबाट द्विपक्षीय सम्बन्ध थप प्रगाढ बन्दै गएको बताउनुभयो । जिपी कोइराला फाउण्डेशनका अध्यक्ष एवं कांग्रेस नेतृ सुजाता कोइरालाले नेपाल-चीन कूटनीतिक सम्बन्धको ७० वर्ष पुगेको अवसरमा तस्बिर प्रदर्शनी आयोजना गरिएको बताउनुभयो ।

राजनीतिक, सांस्कृतिक र जनस्तरको आदानप्रदानसम्बन्धी तस्बिर प्रदर्शनीमा राखिएको जनाउँदै उहाँले प्रदर्शनीबाट नेपाल र चीनबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल-चीन दौत्य सम्बन्धको सात दशकका ऐतिहासिक क्षणलाई प्रदर्शनीमा राखिएका छन् । राज्य प्रमुखको भ्रमण तथा सांस्कृतिक आदानप्रदान, जनस्तरको निकटतम् सम्बन्ध र विश्वासलाई प्रदर्शनीमार्फत प्रस्तुत गरिएको छ।

## एसिया प्यासिफिक क्षेत्रका हवाई तथा नागरिक उड्यन विशेषज्ञहरू पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

एसिया प्यासिफिक क्षेत्रका हवाई तथा नागरिक उड्डयन विशेषज्ञहरू पर्यटन राजधानी पोखरामा भेला भएका छन् ।

उनीहरू अन्तर्राष्ट्रिय नागरिक उड्डयन प्राधिकरण अन्तरगतको हवाई उड्डयनमा वन्यजन्तुजन्य जोखिम व्यवस्थापन समूहको सातौँ बैठकमा सहभागी हुन पोखरामा भेला भएका हुन् । समूहको बैठक वैशाख २७ गतेसम्म पोखरामा बस्ने छ।

कार्यशाला सहितको बैठकमा एसिया प्यासिफिकमा हवाई उड्डयनको क्षेत्रले भोगिरहेको वन्यजन्तुजन्य जोखिमहरूको अवस्था, त्यसको न्यूनीकरण तथा समाधान र उड्डयन क्षेत्रलाई सुरक्षित बनाउने उपायहरूको खोजी गरिने विज्ञहरूले बताएका छन् ।

बैठकमा नेपाल सरकारका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेले सुरक्षित हवाई यात्राको सुनिश्चितताका लागि विद्यमान जोखिमहरूको निदानमा जोड दिनुभयो । नेपाल सरकार यात्रुहरूलाई सुरक्षित रूपमा गन्तव्यमा पुऱ्याउने र प्रविधिमैत्री, सुविधायुक्त र सुरक्षित पूर्वाधार निर्माण गर्ने कार्यमा प्रतिबद्ध रहेको बताउनुभयो ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले उड्डयन क्षेत्रको संवेदनशीलता प्रति आफूहरू सचेत रहेको बताउनुभयो।




"पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन पूर्व नजिकै रहेको ल्याण्ड फिल साइड स्थानान्तरण गरी विमानस्थल सञ्चालनमा महानगरपालिकाले सहज वातावरण तयार गऱ्यौँ, ल्याण्ड फिलको स्थानान्तरण सजिलो थिएन तर, आवश्यक थियो, कयौँ अप्ठ्याराहरूको बिचबाट हामीले त्यसको व्यवस्थापन गऱ्यौँ नगर प्रमुख आचार्यले भन्नुभयो, विमानस्थलको संवेदनशीलता बुझेर हामीले तुरुन्त निर्णय गऱ्यौँ र एक महिनाभित्रै उक्त ल्यान्डफिललाई सुरक्षित दूरीमा सार्यौं, यो संवेदनशीलताले पनि पुष्टि गर्दछ की, हवाई सुरक्षामा स्थानीय सरकारको भूमिका कति महत्त्वपूर्ण हुन्छ ।" हवाई सेवालाई सुरक्षित बनाउन स्थानीय तहको सक्रियता र नेतृत्व उत्तिकै आवश्यक र प्रभावकारी हुने उहाँले बताउनुभयो । "राम्रो नीति, बलियो स्थानीय नेतृत्व र क्षेत्रीय सहकार्यबाट मात्रै हामी हाम्रो आकाशलाई अझ सुरक्षित बनाउन सक्छौँ, नगर प्रमुख आचार्यले भन्नुभयो, हामी एक भू-परिवेष्टित देशका नागरिक हौँ, बद्लिँदो विश्व परिवेशमा आन्तरिक र अन्तर्राष्ट्रिय हवाई सम्पर्क नागरिकको मौलिक अधिकारसँग जोडिएको विषय बनिसक्यो, तसर्थ हामी हाम्रो सहरलाई हवाई सेवा मार्फत विश्वभर जोड्न चाहन्छौँ ।" पोखरा अन्तर ाष्ट्रिय विमानस्थललाई एसिया प्यासिफिक क्षेत्रका देशहरूमा जोड्न सकिने सम्भावनाको खोजी गर्न समेत उहाँले आग्रह गर्नुभयो ।

सो क्रममा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी र आइकाओ एसिया प्यासिफिकका क्षेत्रीय उपनिर्देशक मन्जित सिंह लगायतले हवाई सेवालाई सबैको पहुँचमा पुऱ्याउँदै यसका विद्यमान जोखिमहरूको समाधानमा ध्यान केन्द्रित गर्नु पर्नेमा जोड दिएका छन् । बैठकमा एसिया प्यासिफिक क्षेत्रका हवाई तथा नागरिक उड्डयन विशेषज्ञहरू सहित सरकारी अधिकारीहरूको सहभागिता रहेको छ।

## अध्ययन गर्दै व्यवसायीक तरबुजा उत्पादनमा रोशन बराल

**दीननाथ बराल**
पोखरा, २२ बैशाख



पोखराका एक युवा रोशन बराल स्नातकोत्तर तह (मास्ट्र्स) अध्ययन गर्दै व्यवसायीक तरबुजा खेतीमा लाग्नु भएको छ । पोखरा १३ मा गत बर्ष सफल परीक्षण गरी यस बर्ष बरालले आफ्ना काका श्रीधरलाल बरालसँगको संयुक्त लगानीमा व्यवसायीक रुपमा तरबुजा खेति गर्नु भएको हो ।

आफ्नो बारी सहित ४ रोपनी जग्गाा समेत भाडामा लिई हाल १३ रोपनी क्षेत्रफलमा बरालले तरबुजा खेति गर्नु भएको हो । गत बर्ष करिब ३ रोपनी क्षेत्रफलमा लगाइएको तरबुजा राम्रो उत्पादन भई २ लाख २५ हजार जसो बचत गर्न सफल हुनु भएको रोशन बरालले यस पाली भने तीन गुणा भन्दा बढी क्षेत्रफलमा तरबुजा खेतिको साथमा अकवरे खुर्सानी, साग, टमाटर, अलैची लगायतका फलफुल तरकारी समेत लगाउनु भएको हो । विशेष गरी गर्मी मौसममा खाइने फल तरबुजा नेपालको तराई क्षेत्रमा बढी उत्पादन हुने भए पनि छिमेकी मुलुक भारतबाट समेत पोखरासम्म आउने गरेकोले त्यसलाई रोक्न पनि पोखरामा केही गर्नु पर्छ भनेर आफुहरु यस तरबुजा खेतिमा लागेको बरालले बताउनु भयो । कृषिबाट जेनतेन जीविकोपार्जन गर्दै अघि बढेको बरालको परिवार यसरी एकाएक पोखराको लागि नयाँ फल उत्पादन हुन थाले पछि स्थानिय नै हाल छक्क पर्न थाल्नु भएको छ । आफ्नो ठाउँको माटोलाई चिन्न सकेको खण्डमा आफ्नो देशमै सुन फलाउन सकिने तर्क गर्नु भएको रोशनले विदेश जाने युवालाई स्वदेशमै केही न केही गर्न सुझाव दिनुभयो । बर्षमा एक खेति धान मात्र उत्पादन हुने उक्त खेतमा हाल लटरम्मै खेतै भरी तरबुजा फलेको देख्दा उहाँको परिवारले समेत आफ्नो छोराले सुरुवात गरेको तरबुजा खेतिबाट राम्रो आम्दानी गर्न सक्नेमा विशोस्त भएको छ । तरबुजा लगाएको ३ महिनामै उत्पादन लिन सुरु हुन्छ । उहाँको खेतमा हाल ६ जातका तरबुजा रहेका छन् । रोशनले लगाएको खेतमा करिब ७० प्रतिशत सरस्वती जातको तरबुजा रहेको छ भने अन्य लाली, पारी, जनक, क्रिसा र सुइट हनि जातका तरबुजा रहेका छन् । कृषि पढ्दै आफ्नो घरमा बाबु आमाबाट प्रेरित भई टनेल खेतिमा आकर्षीत हुदै अघि बढ्नु भएको रोशन पोखरामा तरबुजा खेति हुने भए पछि अब यसमै भविश्य देखेर यसपाली धेरै क्षेत्रफलमा लगाउनु भएको हो ।

कृषिबाट व्याचलर गर्नु भएको रोशन हाल मास्ट्र्स भने सोसोलोजीबाट गर्ने तयारी स्वरुप पोखराको पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत एक बिद्यार्थी समेत हुनुहुन्छ । एक बर्षमा एक पटक धान खेति मात्र हुने सो क्षेत्रमा व्यवसायी फलफुल तरकारी खेति गर्दा त्यसबाट धेरै मुनाफा हुने देखेर तरबुजा खेति गर्न काकासंगको सहकार्यमा लागेको उहाँले बताउनु भयो । यसपाली भने काका सहितको संयुक्त लगानीमा संचालन भएको तरबुजा खेतिबाट यसपाली करिब ३६ हजार केजी तरबुजा बिक्रि गर्ने आफुहरुको योजना रहेको उहाँले सुनाउनु भयो । यसपाली केही दिन देखि मौसम राम्रोसंग खुल्न नसकेका कारण खेतमा खान योग्य तरबुजा बिक्रिको लागि बजारसम्म लैजान नपाएको उहाँको गुनासो थियो । अन्य फलफुल भन्दा यो फल एक सातासम्म समेत नबिग्रिने हुँदा बिक्रि गर्न र त्यसको स्टोर गर्न कुनै समस्या नहुने उहाँको भनाई थियो । मणिदीप कृषि फर्मबाट संचालनमा आएको उक्त फार्मले पोखरा क्षेत्रमा यस्ता सम्भावनाका फलफुल खेति गर्न प्रोत्साहन गर्ने भएको छ भने हाल उक्त फार्मलाई पोखरा महानगरपालिका कृषि महाशाखाबाट केही विउ तथा प्लाष्टिक खरिदमा सहुलियत भएको थियो । आफ्नो घर नजिकै खेतीयोग्य जमिन बाँझो देखेर यसमा केही गर्न पाए हुन्थ्यो भन्ने आफ्नो सोचमा घर परिवार र काकाको साथले आज पोखरामा नमुना तरबुजा फर्मको रुपमा तरबुजा उत्पादन भएको रोशनले बताउनु भयो । हामी नेपालीले निर्वाहमुखि र परम्परागत खेती प्रणालीबाट माथि उठेर ठुलो र धेरै क्षेत्रमा व्यवसायीक खेती गर्न उहाँको सुझाव थियो । पोखरामा अन्य ठाउँबाट आउने भन्दा यहाँ उत्पादन भएको तरबुजाको माग बढी भएको र यसको धेरैले स्वादिष्ट भएको प्रतिकृया दिएको उहाँले जनाउनु भयो । पोखरामा तरबुजा प्रति केजी ६० देखि ७० रुपैया पर्दछ ।

## पोखरा कस्तो बनाउने भन्ने विषयमा उद्योग तथा पर्यटन व्यवसायीसँग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

नेपाली काँग्रेस कास्कीले पोखरा कस्तो बनाउने भन्ने विषयमा विभिन्न क्षेत्रसँग छलफल गरी सुझाव संकलन अभियानलाई जारी राखेको छ।

कास्की काँग्रेसले सोमबार पनि उद्योग तथा पर्यटन व्यवसायीसँग छलफल गरी सुझाव संकलन गरेको सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । तीन तहका सरकार नयाँ आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम तयारीमा जुटिरहेका बेला पोखराको आवश्यकतालाई बजेट तथा कार्यक्रममा समावेश गर्नका लागि आवश्यक लबिङ गर्न छलफल गरी सुझाव संकलन गरेको हो । कास्की काँग्रेसले पहिलो पटक वडा कार्यसमितिका सभापतिसँग, दोस्रो पटक आइतबार पार्टीका महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिसँग र सोमबार पर्यटन तथा उद्योग व्यवसायीसँग छलफल गरेको हो । कार्यक्रम नेपाली काँग्रेस कास्कीका सभापति किशोरदत्त बरालको अध्यक्षतामा भएको थियो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# प्रथम लायन्स कप भलिबलको उपाधि इरानी टोलीले जित्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख



पोखरामा सञ्चालित प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तर ाष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिताको उपाधि जितेको छ।

ल ा य न्‍ स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा भएको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई ३-१ को सेटमा हराउँदै इरानी टोलीले उपाधि जितेको हो । पहिलो सेट २५-१८ ले आफ्नो पक्षमा पारेको इरानी टोलीले दोस्रो सेट २४-२६ ले गुमाएको थियो । तेस्रो र चौथो सेटमा पुनरागमन गर्दै इरानी टोलीले उपाधि रक्षा गऱ्यो । इरानले तेस्रो सेट २५-१८ र चौथो सेट २५-१७ ले आफ्नो पक्षमा पारेको हो । उपाधि जितेको इरानी टोलीले ४ लाख ४४ हजार ४४४ हात पाऱ्यो । उपविजेता बनेको २ लाख ४४ हजार ४४४ मा चित्त बुझायो । यसअघि सशस्त्र प्रहरी बल (एपिएफ) लाई ३-१ को सेटमा पराजित गर्दै त्रिभुवन आर्मी क्लबलले तेस्रो स्थान हासिल गरेको थियो । पहिलो सेट २९-२७ र दोस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पारेको आर्मीले तेस्रो सेट एपिएफलाई सुम्पिएको थियो । तेस्रो सेट २२-२५ ले गुमाएको आर्मीले चौथो सेट २५-२३ ले जित निकाल्दै तेस्रो हुन सफल भयो । तेस्रो हुने आर्मीले १ लाख ४४ हजार ४४४ प्राप्त गऱ्यो । इरानी टोलीका आमिर हुसेन सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले १४ हजार ४ सय ४४ रुपैयाँ र ट्रफी प्राप्त गरे । इरानी टोलीका अफिसन फतेह उत्कृष्ट सर्भर, इरफान नरोइजु उत्कृष्ट ब्लकर, दीपक थापा उत्कृष्ट डिफेन्डर, पुलिसका बलराम गुरुङ उत्कृष्ट सेटर, आर्मीका धनबहादुर भट्ट उत्कृष्ट स्पाइकर र इरानी टोलीका सुरेन्द्र केसी उत्कृष्ट प्रशिक्षक बने । उनीहरूले जनही ८ हजार ४ सय ४४ रुपैयाँ र ट्रफी पुरस्कार पाए ।

प्रतियोगितामा ६ टीमको सहभागिता रहेको थियो । ईरानी टीम, भारतीय टीम, गण्डकी प्रदेश टीम र तीन विभागीय टीमहरू त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब र सशस्त्र प्रहरीको एपीएफ टीम सहभागी थिए ।

# पोखरा-मुग्लिन सडक विस्तार: विद्युत् पोल एक साताभित्र हटाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

निर्माणाधीन पोखरा-मुग्लिन राजमार्गको पश्चिम खण्डको सडक मापदण्डभित्र परेका विद्युत् पोल एक साताभित्र हटाइने भएको छ।

राजमार्गको पश्चिम खण्डमा चार सय २४ वटा पोल हटाउन बाँकी रहेकामा कास्की जिल्लामा मात्र तीन सय ५५ छन् । विद्युत् प्राधिकरणको पोखरा तथा लेखनाथ वितरण क्षेत्रभित्र यी पोल परेका हुन् । राजमार्ग स्तरोन्नतिका क्रममा सडकभित्र परेका विद्युत् पोल हटाउन ढिलाई हुँदा योजनाको काम प्रभावित भएको छ । विद्युत् पोलका कारणले काम प्रभावित भएपछि आइतबार जिल्ला प्रशासन कार्यालय कास्कीको समन्वयमा भएको सहजीकरण बैठकमा एक साताभित्रमा विद्युत् प्राधिकरणले पोल हटाउने सहमति भएको मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख कृष्णबहादुर कुँबरले बताउनुभयो । उहाँका अनुसार विद्युत् पोलका कारणले योजनाको काममा असर परेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाटसमेत यसका बारेमा चासो व्यक्त गरिएको र समाधानका लागि सहजीकरण भएको छ। "चार लेन सडकभित्र परेका पोल प्राधिकरणले हटाउँदै गइरहेको छ । अब बाँकी रहेका पोलसमेत एक साताभित्रमा विस्थापित गरिसक्ने सहमति भएको छ । यसबाट काममा देखिएको प्रमुख समस्या समाधान हुनेछ ।" योजना प्रमुख कुँबरले भन्नुभयो । योजनाका अनुसार कास्की खण्डस्थित चार लेन सडकभित्र पर्ने सैनिकबस्ती-विश्वविद्यालय १८ र आदर्शचोक-तालचोकका ४९ गरी ६७ पोलका कारण यस क्षेत्रमा काम अघि बढाउन समस्या भएको छ।

यसैगरी डाँडाको नाकदेखि विजयपुरसम्म ९० वटा पोल नालीमा परेका छन् । मुग्लिन-पोखरा सडकको पश्चिम खण्ड तनहुँको जामुनेदेखि पोखराको पृथ्वीचोक सेती पुलसम्म ४१ किमी रहेको छ । यस खण्डमा हालसम्म एकतर्फी ३५ किमी सात सय मिटरमा प्रथम तहको कालोपत्र गर्ने कार्य सकिएको बताइन्छ । हालसम्म ५० दशमलव ३४ प्रतिशत भौतिक प्रगति भएको योजना कार्यालयले जनाएको छ । "१९ किमी खण्डमा दुईतर्फी कालोपत्र(चार लेन) तथा १६ किमी खण्डमा एकतर्फी कालोपत्र(दुई लेन) को काम सकिएको छ। आगामी असार मसान्तसम्ममा सम्पूर्ण खण्डमा चार लेन निर्माण सम्पन्न गर्ने लक्ष्यसहित निर्माण व्यवसायी मोविलाइज गरिएको छ।" योजना प्रमुख कुँवरले भन्नुभयो। मुग्लिन-पोखरा सडकको पश्चिम खण्डको म्याद गत वर्षनै सकिएपछि एक वर्ष थप गरिएको थियो । थप गरिएको समय आगामी पुस दोस्रो सातासम्म रहेको छ।

# सिद्धार्थ प्राविमा शैक्षिक सामाग्री वितरण

**सविना कुवर/विनिता गाहा मगर**
पोखरा, २२ बैशाख



पोखरा महानगरपालिका वडा नं. १३ स्थित सिद्धार्थ प्राथमिक विद्यालयमा सोमवार शैक्षिक सामाग्री वितरण गरिएको छ।

विद्यार्थीलाई शैक्षिक सामग्रीको अभावको कारणबाट पठन-पाठन असुविधा नहोस् भन्ने उद्देश्यले शैक्षिक सामाग्री वितरण गरिएको हो। करिब सात हजार मुल्य बराबरका किताब, कापी, कलम साथै खेलकुदका सामग्री वितरण गरिएको छ।

अर्घाखाँची स्थायी घर भई हाल पोखरा महानगरपालिका वडा नं. १३ अस्थाई रुपमा बसोबास गर्दै आएका खेम सिंजालीले सुस्मिता सुनार, संगम सुनार, राजु क्षेत्री, सिर्जना विक र समिर परियार गरी पाँच जना विद्यार्थीलाई प्रदान गरेका हुन्।

वडा कार्यालय १३ ले शिक्षाको विकासको लागि लिइएको विभिन्न उद्देश्य अन्तर्गत एक शैक्षिक सामग्रीको अभावमा कुनै पनि विद्यार्थी पठन पाठन कार्यबाट वञ्चित नहुन भन्ने कार्यक्रमको उद्देश्य रहेको थियो। शैक्षिक सत्र ०८२/०८३ देखि वडा भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत र आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूलाई लक्षित गरी विद्यालयमा शैक्षिक सामाग्री वितरण गरिएको कार्यक्रम संयोजक राजेन्द्र भण्डारीले पोखरापत्रलाई वताए । किताब कापी तथा खेलकुद सामग्री प्राप्ती पश्चात विद्यार्थी तथा अभिभावकमा छाएको खुसीले थप प्रेरणा प्राप्त भएको र शैक्षिक सामग्रीको प्राप्तीले विद्यार्थी नियमितरुपमा कक्षामा उपस्थित हुने भण्डारी विश्वास दिलाए। विश्वासरहेको र पढाइप्रति ध्यान केन्द्रित हुने, विद्यार्थीलाई टिकाई राख्न मद्धत पुग्नुको साथै शैक्षिक स्तरमा सुधार ल्याउन महत्त्वपूर्ण हुने कुरा भण्डारी बताए।

आगामी दिनमा यस्ता शैक्षिक उत्थानका कार्यक्रमलाई निरन्तरताका लागि विद्यालयका प्रधानाध्यापक अम्बिका बरालले अनुरोग गरिन् । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक तथा शिक्षक कर्मचारीको उपस्थिति रहेको थियो।

# कुलपति तिवारीलाई त्रिवेणीको स्वागत

**बिशाल गाहा मगर/सागर परियार**
पोखरा, २२ बैशाख




त्रिवेणी इन्दरनेशनल कलेज पोखरा २७ ले गण्डकी विश्वविद्यालयका कुलपति प्रा.डा. इन्द्रप्रसाद तिवारीको सम्मानमा सोमबार स्वागत तथा बधाई कार्यक्रम गरेको छ।

प्रा.डा. तिवारी केहीसमय अघि गण्डकी विश्वविद्यालयको कुलपतिमा नियुक्त हुनु भएको थियो । सम्मान कार्यक्रममा बोल्दै कुलपति तिवारीले विद्यार्थीलाई एकेडेमीक कोर्षको समयावधिभर टिकाउन कलेज तथा विश्वविद्यालयलाई चुनौती रहेको बताउनु भयो।

पछिल्लो समय विद्यार्थीको भर्ना र कोर्ष समाप्तीसम्म संख्यामा उल्लेख गिराबट आउने गरेको उल्लेख गर्दै, भर्नाकै संख्या कायम राख्ने तर्फ कलेजहरुलाई अगाडी बढाउनु पर्नेमा जोड दिनु भयो।

कुलपति तिवारीले गण्डकी विश्वविद्यालयलाई प्रविधिमा आधारित शिक्षाको हवका रुपमा विकास गर्ने गरी कार्य प्रारंभ भएको उल्लेख गर्दै, थप नयाँ कार्यक्रम ल्याउन छलफल गरिएको बताउनु भयो। यसअघि कलेजका प्राज्ञिक सल्लाहकार समेत रहनु भएका कुलपति तिवारीले अनुसन्धानको क्षेत्रमा त्रिवेणी इन्टरनेशनल कलेजलाई सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । कार्यक्रममा कलेजका सल्लाहकार बाबुराम गिरीले कुलपति प्रा.डा. तिवारीले विश्वका विभिन्न विश्वविद्यालयमा अध्यापन गराएको अनुभवले गण्डकी विश्वविद्यालय उत्कृष्ट हुनेमा जोड दिनु भयो। कलेजका अध्यक्ष सुमन भट्टराईले प्रा.डा. तिवारीलाई सम्मान गर्दै, त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गरेको कलेज भए पनि शैक्षिक सुधार र अनुसन्धानको क्षेत्रमा सहकार्य गरेर अगाडी बढ्न सकिने बताउनु भयो । उहाँले प्रा.डा. तिवारी कुलपतिमा नियुक्त हुँद्या कलेजले एकेडेमिक कोर्षमा थप सल्लाह र सुझाव प्राप्त गर्ने विश्वास व्यक्त गर्नु भयो । संक्रामक तथा सरुवा रोग अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ऋषिराम जमरकट्टेलले गण्डकी विश्वविद्यालयमा उपयुक्त व्यक्तिको नियुक्ती भएको उल्लेख गर्दै, विद्यार्थी टिक्ने खालका कार्यक्रम ल्याउन सुझाव दिनु भयो।

कलेजका अध्यक्ष सुमन भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा कलेजका प्राचार्य यदुनाथ आचार्य, सहायक क्याम्पस प्रमख डिल्लीराम पौडेल लगायतले शैक्षिक उन्नयनका लागि सहकार्य गरेर जानु पर्नेमा जोड दिनु भएको थियो।

# मादीको पिनिस्यो नदी माथि कल्भर्ट पुल निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

कास्कीको मादी गाउँपालिका-७ स्थित काउरेडाँडा-छाचोक-ज्याम्दु-ताङतिङ सडक खण्ड अन्तर्गत पिनिस्यो नदीमाथि सिमेन्ट कल्भर्ट पुल निर्माण गरिएको छ।

मादी गाउँपालिका र मादी पावर प्रालिको संयुक्त लगानीमा निर्माण गरिएको सो पुलको आज गाउँपालिका अध्यक्ष देवीजंग गुरुङले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभयो । यसअघि यस क्षेत्रमा वर्षायाममा आवतजावतमा निकै कठिनाइ हुने गरेकामा कल्भर्ट पुल बनेपछि स्थानीयवासी समेत खुशी भएका छन् । पुल निर्माण सम्पन्न भएपछि मादीका कर्पुडाडा, ताङतिङ, सेती खोला, याङ्जाकोट, तप्राङ-सोदा र सिक्लेस लगायतका गाउँहरु तथा पर्यटकीय स्थलहरूमा सहज पहुँच पुग्ने मादी-७ का वडाध्यक्ष दुर्गाबहादुर गुरुङले बताउनुभयो।

उहाँले भन्नुभयो, "कल्भर्ट पुलले स्थानीयको दैनिकीलाई धेरै सहज बनाउने छ । यसले कृषि वस्तुहरूको ढुवानीका साथै बजारसम्म आवतजावत सजिलो हुनेछ ।" गाउँपालिका अध्यक्ष देवीजंग गुरुङले स्थानीय विकासमा निरन्तर सहकार्य गरेकोमा मादी मादी पावर प्रति आभार व्यक्त गर्नुभयो । उहाँले कम्पनीले नियमित रूपमा विद्युत उत्पादन बापत रोयल्टी तिर्दै आएको र यस पालिकामा प्राप्त हुने रकमले विकास निर्माण काम गर्न सहयोग पुगेको बताउनुभयो। मादी पावर प्रालिका महाप्रबन्धक साङ मिङ होङले यो पुल अर्थपूर्ण विकासको प्रतीकको रूपमा खडा भएको बताउनुभयो । "यस पूर्वाधार मार्फत स्थानीयवासीहरुको लागि आवतजावतमा सहज हुनेछ। यहाँको विकासमा यसले थप योगदान गरेको छ।" उहाँले भन्नुभयो। मादीको काउरेडाँडा-छाचोक-ज्याम्दु-ताङतिङ सडक कालोपत्रेको काम समेत भइरहेको छ। सो सडक स्तरोन्नतिका लागि प्रदेशसभा सदस्य बेदबहादुर गुरुङको पहलमा गण्डकी प्रदेश सरकाबारट रु पाँच करोड विनियोजन भएकामा अहिले सोही बजेटबाट काम भइरहेको हो।


## साइबर सुरक्षाबारे सचेत रहौं

◆अपरिचित इमेल, सन्देश र लिक्तहरु नखोलौं,
◆ संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
◆अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
◆फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
◆सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौ,
◆आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
◆वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मुक्तिनाथ क्षेत्रलाई थप धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकसित गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

मुस्ताङ, २२ वैशाख : यहाँस्थित मुक्तिनाथ क्षेत्रलाई थप धार्मिक पर्यटकीय क्षेत्रका रुपमा विकसित गरिनुपर्ने आवश्यकता औँल्याइएको छ।

मुक्तिनाथ मन्दिरमा आउने दर्शनार्थीको बसाइँलाई लम्ब्याउने गरी काम गर्न पहल गरिने र पर्यटकीय पदमार्ग पूर्वाधार निर्माण गरिने प्रमुअ जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले जानकारी दिनुभयो । मुक्तिनाथ क्षेत्रलाई थप धार्मिक पर्यटकीय प्रवर्द्धन गर्न सकिन्छ भनेर उहाँ सहितको टोलीले गत शनिबार भ्रमण समेत गरेको थियो । यहाँका तीन धार्मिक सम्पदासँग जोड्ने गरी मुक्तिनाथ क्षेत्रमा करिब चार किलोमिटर दुरीमा पदमार्ग निर्माण गर्नुपर्ने उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो "स्थानीय नागरि कसँगै मिलेर मुक्तिनाथ विकास समितिले पदमार्ग निर्माणलाई अघि बढाउने छ ।" मुस्ताङका प्रजिअ भुसालसहित प्रशासन कार्यालयका कर्मचारी प्रकाश पौडेल ,पूर्वाधार विकास कार्यालयका इञ्जिनीयर जगदिशचन्द्र जोशी र मुक्तिनाथ विकास समितिका कर्मचारी रविन सुवेदीलगायत एघार जनाको टोली रहेको थियो । टोलीले वैकल्पिक धार्मिक सम्पदालाई पर्यटनसँग जोड्ने लक्ष्यका साथ त्यहाँको प्रारम्भिक सम्भाव्यता अध्ययन गरेको जनाइएको छ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निस्तानापन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनाबारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मुस्ताङका उच्चलेकमा यार्सागुम्बा सङ्कलन सुरू

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २२ बैशाख

मुस्ताङका उच्चलेक तथा पाटनमा यार्सागुम्बा सङ्कलन सुरू गरिएको छ। मुस्ताङको थासाङ-१ टुकुचे, थासाङ-२ कोवाङ र घरपझोङ-४ जामसोमका संरक्षण व्यवस्थापन समितिहरूले यही महिनादेखि यार्सागुम्बा सङ्कलन फुकुवा गरेका हुन् ।

यसअघि राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाअन्तर्गत रहेका संरक्षण व्यवस्थान समिति (सिएमसी)ले यार्सा सङ्कलन अनुमति प्रदानका लागि एक्याप कार्यालयमा निवेदन पेस गरेका थिए । सोही पत्रका आधारमा एक्यापले संरक्षण नियमावलीमा अधीनमा रहेर तोकिएको सर्त पालना गर्नेगरी निवदेन पेस गरेका संरक्षण व्यवस्थापन समितिहरूलाई यार्सागुम्बा सङ्कलन अनुमति प्रदान गरेको एक्याप जोमसोमका कार्यालय प्रमुख राजेश गुप्तले जानकारी दिनुभयो । हालसम्म मुस्ताङका तीनवटा संरक्षण व्यवस्थापन समितिले एक्याप कार्यालयबाट यार्सा सङ्कलन अनुमतिपत्र लिइसकेको र अरू समिति पनि क्रमशः अनुमतिका लागि आउने क्रममा रहेको बताउनुभयो । मुस्ताङको थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाअन्तर्गतका उच्चलेक तथा पाटनमा बहुमूल्य जटीबुटी यार्सागुम्बा पाइने गर्छ । मुस्ताङको थासाङस्थित कोवाङ र टुकुचेको उच्चलेक तथा पाटनमा वैशाखको पहिलो सातादेखि यार्सा सङ्कलन सुरू भएको संरक्षण व्यवस्थापन समिति कोवाङका अध्यक्ष जीवन थकालीले जानकारी दिनुभयो ।

थासाङको कोवाङलेमा यार्सा सङ्कलनका लागि स्थानीयलाई तीन हजार र जिल्लाबाहिरका नागरिकहरूलाई रू छ हजार शुल्क तोकिएको संरक्षण व्यवस्थापन समिति अध्यक्ष जीवन थकालीले बताउनुभयो। अहिलेसम्म स्थानीय २२ जना र जिल्लाबाहिरका १०० गरी कुल १२२ जनाले यार्सा सङ्कलन अनुमतिपत्र लिइसकेको उहाँले जानकारी दिनुभयो। कोवाङ समितिअन्तर्गत मूली खर्क, मार्चेलेकलगायत आधा दर्जन पाटनमा यार्सा सङ्कलन गर्ने सुविधा रहेको अध्यक्ष थकालीको भनाइ छ।

यसैगरी, थासाङको टुकुचेमा पनि धमाधम यार्सा सङ्कलन पुँजी वितरण भइरहेको संरक्षण क्षेत्र व्यवस्थापन समिति टुकुचेका सचिव दीपसागर थकालीले उल्लेख गर्नुभयो । टुकुचे समितिबाट ३ वैशाखदेखि यार्सा पुर्जी वितरण भइरहेकामा अहिलेसम्म ५५ जनाभन्दा बढी यार्सासङ्कलनगर्नलेकतर्फप्रस्थान गरिसकेको सचिव थकालीले जानकारी दिनुभयो । थासाङको कोवाङ समितिले स्थानीयलाई एक हजार र अन्य व्यक्तिलाई तीन हजार शुल्क उठाउने गरेको सचिव थकालीले बताउनुभयो । थासाङको टुकुचे समितिबाट पुर्जी लिएकाले मार्चेलेक, बतासेलेक चिउदोखर्क र धम्पुसलेकमा यार्सा सङ्कलन गर्न पाउने सचिव थकालीको भनाइ छ।

मुस्ताङका घरपझोङ गाउँपालिकामा पनि सोमबारदेखि यार्सा सङ्कलन सुरू भएको संरक्षण व्यवस्थापन समिति जोमसोमका सचिव पवन गुरूङले जानकारी दिनुभयो । एक्यापको अनुमतिमा समितिमार्फत पहिलो दिन ४० जनालाई यार्सा सङ्कलन अनुमतिपत्र वितरण गरिएको सचिव गुरूङको भनाइ छ। जोमसोम संरक्षण व्यवस्थापन समितिले सङ्कलनलाई स्थानीय कुरिया दर्ता भएकोलाई चार हजार र कुरिया दर्ता नभएको र अन्यलाई रू ६ हजार यार्सा सङ्कलन शुल्क लिने गरेको सचिव गुरूङले उल्लेख गर्नुभयो। यार्सा सङ्कलन पास वितरण एक हप्तासम्म रहने सचिव गुरूङले जनाउनुभयो।

मुस्ताङको थासाङ र घरपझोङ गाउँपालिकामा यार्सागुम्बा सङ्कलन सुरू हुँदा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा यार्सा सङ्कलन कार्य सुरू भइनसकेको मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिका सचिव लाक्पाटसी गुरूङले जानकारी दिनुभयो । मुक्तिनाथ समितिले अझै यार्सा सङ्कलनका लागि एक्यापसँग पूर्वस्वीकृति समेत लिएको छैन । समितिका सचिव लाक्पाटसी गुरूङले यार्सा सङ्कलन पुर्जी वितरणका लागि चाँडै नै समितिको बैठक बसेर निर्णय लिइने जानकारी दिनुभयो।

"हामी कहाँ अन्यत्रको भन्दा केही ढिलो सुरू हुन्छ, यसको कारण उच्चलेक र पाटनमा हिउँ जमेको छ," सचिव गुरूङले भन्नुभयो, "सम्भवतः जेठको दोस्रो साता यार्सा सङ्कलन फुकुवा गर्ने कुरा छ, हामी त्यही अनुसारको सुविधा दिनेगरी अघि बढ्छौँ ।" मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिले आफ्नो मातहतमा पर्ने मुक्तिनाथलेक, रिसम्वालेक, नेरलेक र लुप्रालेकलगायतमा यार्सा सङ्कलन पुर्जी दिने गरेको सचिव गुरूङको भनाइ छ । गत वर्ष समितिले १ जेठदेखि यार्सा सङ्कलन अनुमति दिएको र यो वर्ष केही ढिला हुनसक्ने बताउनुभयो । मुक्तिनाथ संरक्षण व्यवस्थापन समितिले गत वर्ष स्थानीयलाई दुई हजार र अन्यलाई सात हजार शुल्क लिएको सचिव गुरूङले जानकारी दिनुभयो । यस्तै, मुस्ताङका अन्य लेकमा पनि आंशिक रूपमा यार्सा सङ्कलन हुने गरेको छ। एक्यापको अनुमतिमा सम्बन्धित समितिले सङ्कलन गरेको यार्सा सङ्कलन शुल्क समितिले सामाजिक कार्यका लागि खर्च गर्न पाउने अधिकार छ । मुस्ताङमा एक्यापले १५ असारसम्म उच्चलेक र पाटनमा यार्सा सङ्कलन गर्न पाउनेगरी सम्बन्धित संरक्षण व्यवस्थापन समितिलाई अनुमति प्रदान गरेको हो । यार्सा सङ्कलन अवधिभर सम्भावित सुरक्षा जोखिम र दुर्घटना न्यूनीकरण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने र सङ्कलककलाई सचेत बनाउने, वन्यजन्तु तथा अन्य वनपैदावार हरूको संरक्षणका लागि चोरी-सिकारी र अवैध गतिविधि हुन नदिने, वन डेढेलो हुनबाट रोक्ने र उच्चलेक र पाटनमा फोहोर प्रदूषण गर्न नपाइने गरी सङ्कलककलाई सचेत गराइएको छ । एक्याप, डिभिजन वन कार्यालय, संरक्षण व्यवस्थापन समिति, सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूले सम्बन्धित स्थानमा नियमित यार्सा सङ्कलन क्षेत्रमा पुगेर अनुगमन गर्ने निर्णय गरिएको छ।

# चौतारा र घैँटोमा पानी राख्ने चलन हराउँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ बैशाख

यहाँका पहाडी गाउँगाउँमा केही वर्षअघिसम्म बाटैभरी पाटी पौवा र धर्मशाला भेटिन्थे । स्वर्गीय आफन्तका स्मृतिमा बटुवाले थकाइ मार्ने देउराली डाँडा, रुखका छहारीमा पौवा र धर्मशाला बनाउने चलन थियो । यसरी चौतारा निर्माण गर्दा, विशेष गरी चैत वैशाखमा घैँटोमा खुदोपानी तथा पानी राख्दा धर्म हुने विश्वास थियो ।

तर अब ती इतिहास भइसके । कहींकतै भग्नावशेष मात्रै देख्न पाइन्छन् । पछिल्लो समय त्यस्ता संरचना निर्माण हुनै छाडे । निर्माण भएकासमेत संरक्षण नगर्दा भत्किएर लोप भएका छन् । सडक विस्तारसँगै ऐतिहासिक महत्वका पाटी, पौवा तथा धर्मशाला लोप भएका हुन् । दोर्दी गाउँपालिका-३ श्रीमञ्जाङका ८२ वर्षीय बुद्धिमान श्रेष्ठले भन्नुभयो, "केही वर्षअघिसम्म गाउँमा मोटरबाटो थिएन, घरघरमा सबै मान्छे हुन्थे, धर्मकर्ममा बढी आस्था राख्ने चलन थियो, तर अहिले गाउँगाउँमा मोटरबाटो आयो, पहिला मेलापात होस वा कतै जाँदा प्रयोग हुने बाटो प्रयोग हुन छाडे ।

नयाँ पुस्ताले त्यस्ता कुराको वास्ता नराख्दा यस्ता चौतारा र घैँटोमा पानी राख्ने चलन लोप भयो ।"

चैत वैशाखको गर्मीमा प्यास लाग्दा चौतारामा धर्म हुन्छ बटुवाले खाओस् भनेर घैँटोमा सक्नेले महखुदो नसक्नले पानी राख्ने चलन अब नरहेको राइनास नगरपालिका-८ हर्राबोटकी युनिता गुरुङ बताउनुहुन्छ ।

मर्स्याङ्दी गाउँपालिका-३ खुदीका रामबहादुर कार्कीले भन्नुभयो, "चौतारीमा घैँटामा राखिएको पानी गोठाला, बटुवा, खेताला, भरियाले पिउने गर्थे, तर अहिले गाउँघरमै वैशाखमा चौतारीमा 'धर्मघडा' राख्ने चलन हरायो ।" भएका चौतारीको पनि संरक्षण हुन छाडेको उहाँ बताउनुहुन्छ ।

परम्पगत चलन संरक्षण गर्न बेँसीसहर नगरपालिका-११, चिती तिलहारका ऋषिराज दवाडी र पत्नी सुमित्रा दवाडीले चौतारोमा माटोको घैँटोमा चिसो पानी राख्नुभएको छ । संस्कृति जोगाउन र नयाँ पुस्तालाई सिकाउन चौतारीमा पानी राख्ने गरेको दवाडीको भनाइ छ ।

# सेवा केन्द्र विस्तार गर्दै तनहुँका स्थानीय तह

**पोखरापत्र संवाददाता**
दमौली, २२ बैशाख

तनहुँका स्थानीय तहले वडाबाट प्रदान गर्ने सेवासुविधा जनताको नजिक पुऱ्याउन सेवा केन्द्र विस्तार गर्न थालेका छन् । जिल्लास्थित स्थानीय तहका वडा कार्यालयको केन्द्रबाट टाढा रहेका जनतालाई नजिकबाट सेवा सुविधा प्रदान गर्ने उद्देश्यसहित वडाको सेवा केन्द्र विस्तार गरिएको हो ।

भिमाद नगरपालिका-८ ले वडाको सेवा केन्द्र भानुमतीमा स्थापना गरेको छ । यसअघि अरौँदीमा वडा कार्यालय रहेकामा माथिल्लो भेगका जनतालाई वडा कार्यालयसम्म आएर सेवा लिन अपायक भएकाले सेवा केन्द्र स्थापना गरिएको वडाध्यक्ष अणबहादुर शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, "जनताको मागबमोजिम नै सेवा केन्द्र विस्तार गरेका हौँ । भानुमती भेगका जनतालाई अरौदीसम्म आएर सेवा लिन एक दिन छुट्याउनुपर्थ्यो, सवारी साधन कम चल्ने र हिँडेर आउनुपर्दा समस्या थियो ।

भानुमतीमै सेवा केन्द्र विस्तारपछि त्यस भेगका जनताले सहज ढङ्गबाट सेवा पाउनेछन् ।" उक्त सेवा केन्द्रबाट बिहीबार र शुक्रबार सेवा प्रदान गरिनेछ । भिमाद नगरपालिकाका प्रमुख दधिराज सुवेदीले जनतालाई सहज र सरल रूपमा सेवा प्रवाह गर्नु जनप्रतिनिधिको कर्तव्य भएको बताउनुभयो । यस्तै जिल्लाकै आँबुखैरेनी गाउँपालिका-५ र ६ को सम्पर्क कार्यालय विस्तार गरिएको छ। वडा कार्यालयबाट प्रदान गरिने सेवा सहज रूपमा वडावासीलाई प्रदान गर्न दुई वडा कार्यालयको सम्पर्क कार्यालय विस्तार गरिएको हो । आँबुखैरेनी गाउँपालिका-५ को वडा कार्यालयको सम्पर्क कार्यालय बरालुङबैँसीमा स्थापना गरिएको छ।

सङ्घीय शासन प्रणालीअन्तर्गत सेवा प्रवाहलाई विकेन्द्रित गर्दै स्थानीय तहलाई थप सशक्त र जनमुखी बनाउन सम्पर्क कार्यालय स्थापना गरिएको वडाध्यक्ष सन्तोष गरूङले जानकारी दिनुभयो । उक्त वडाको प्रमुख कार्यालय सानोभञ्ज्याङमा रहेकाले बरालुङबैँसी र वरपरका बस्तीहरूका सर्वसाधारणलाई वडा कार्यालयसम्म पुग्न समय लाग्ने भएकाले सम्पर्क कार्यालय स्थापना गरिएको उहाँको भनाइ छ । आँबुखैरेनी गाउँपालिका-६ को सम्पर्क कार्यालय केही समयअगाडि प्युघरफाँटमा स्थापना गरिएको थियो ।

प्युघरफाँटमा सेवा कार्यालय विस्तार गरी सर्वसाधारणलाई सेवा दिन थालिएपछि सहज भएको छ। वडा नं ६ का सर्वसाधारणलाई घण्टौ पैदल तथा महङ्गो गाडी भाडा तिरेर सेवा लिन वडा कार्यालय आउनुपर्ने समस्याको अन्त्य गर्न पालिकाले प्युघरमा सेवा केन्द्र विस्तार गरेको वडाध्यक्ष दिलीप गुरूङले जानकारी दिनुभयो। सेवा केन्द्रमा वडा कार्यालयबाट प्रदान गरिने सबै सेवाहरू दिइएको छ । हप्तामा दुई दिन उक्त सेवा कार्यालयबाट जनताले सेवा पाउने वडाध्यक्ष गुरूङले जानकारी दिनुभयो। त्यस भेगका जनतालाई वडा कार्यालयको केन्द्र हिलेखर्क जान समस्या भएपछि सहजताका लागि सेवा कार्यालय विस्तार गरिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यस भेगका जनतालाई वडा कार्यालयको केन्द्रसम्म पुग्न एक दिनको समय छुट्याउनुपर्ने बाध्यता थियो। अब सेवा कार्यालयबाटै सहज रूपमा जनताले सेवा पाउनेछन् ।" गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जनताले सहज र सरल तरिकाले सेवा पाउनुपर्ने बताउनुभयो । जनप्रतिनिधि जनताका शासक नभई सेवक भएकाले जनप्रतिनिधिले जनताको भावनाअनुसार काम गर्नुपर्नेमा उहाँको जोड थियो । उहाँले भन्नुभयो, "हिलेखर्कसम्म पुग्न अप्ठ्यारो परिरहेको थियो ।

प्युघर क्षेत्र वरिपरिका बस्तीका जनतालाई सहज र छिटो सेवाहरू उपलब्ध गराउन सेवा कार्यालयबाट सहज हुनेछ ।" चुमानले सेवा कार्यालयले जनतासँगको निकटता बढाउने र प्रशासनिक सेवा प्रणालीलाई प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "यस कार्यालयले जनतालाई एक स्थानबाट सहज र छिटो सेवा प्रदान गर्ने व्यवस्था गर्नेछ । यो कार्यालय खोल्नुका प्रमुख उद्देश्य भनेको जनतालाई स्थायी र दीर्घकालिन रूपमा सेवा दिने हो ।"

# सुरौदी जलाधार क्षेत्रः पुल नहुँदा जोखिम, खेतीयोग्ज जमिन बगरमा परिणत

**पोखरापत्र संवाददाता**
पोखरा, २२ बैशाख

कास्की, स्याङ्जा र तनहुँका भू-भाग समेटर बग्ने सुरौदी खोलाको जलाधार क्षेत्रका स्थानीयवासी पुल अभावसँगै वर्षामा खोलाको कटानले वर्षेनी समस्यामा पर्दै आएका छन् ।

खोला आसपासका उब्जाउ योग्य भू-भाग सिँचाइ अभावमा खेती गर्न समस्या छ भने खोलाको कटान नियन्त्रण हुन नसक्दा खेतीयोग्य जमिन वर्षेनी बगर बन्ने क्रम बढेको अगुवा कृषक रमेश आचार्यले जानकारी दिनुभयो। "कटान नियन्त्रण नहुँदा वर्षामा रोपेको धान मङ्सिरमा भित्र्याउन पाइन्छ कि पाइँदैन भन्ने सधैँ चिन्ता हुन्छ", उहाँले भन्नुभयो, "सुरौदी खोलाको यत्रो जलसम्पदा उपयोगविहीन हुनुका साथै उल्टै वर्षेनी ठूलो क्षति व्यहोर्नु परेको छ।"

जलाधारको संरक्षण र उपयोग गर्नसकेमा स्याङ्जाको प्युरीदोभानदेखि कास्कीको दोपहरे, छहरा, चवादी हुँदै तनहुँको घारी बगरसम्मका अधिकांश खेतीयोग्य भू-भाग सुरौदी खोलाको पानीले सिँचाइ गर्न र माछापालन गर्न सकिने देखिन्छ। यहाँका केही स्थानमा झोलुङ्गे पुल अत्यावश्यक रहेको उल्लेख गर्दै उहाँले पुल अभावमा वर्षातमा ज्यानको जोखिम मोलेर आवतजावत गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो।

सुरौदी खोला किनारका जमिन वर्षौंदेखि जलाधार संरक्षणको अभावमा उपयोगविहीन बनेको र तीनै जिल्लाको संयुक्त प्रयास अपरिहार्य रहेको पोखरा महानगरपालिका-३३ का वडा अध्यक्ष रामचन्द्र अधिकारी बताउनुहुन्छ । खोलाको सदुपयोग गर्न सकेमा खोला किनाराको उत्पादनले कास्की जिल्लालाई पूर्णरुपमा कृषिमा आत्मनिर्भर बनाउन सकिने स्थानीयवासी यामप्रसाद पौडेलले बताउनुभयो । पछिल्ला समयमा अन्य पूर्वाधार विकासका कामले गति लिन थालेको बताउँदै उहाँले हालै सुरौदी जलाधार क्षेत्र अन्तर्गत कदमबोटेदेखि फेदीसम्म कालोपत्र गरिएको जानकारी दिनुभयो। यस क्षेत्रको तिखेढुङ्गा क्षेत्रमा अगुवा कृषकद्वय रमेश आचार्य र ज्ञानबहादुर कार्कीले ३५ रोपनीभन्दा बढी क्षेत्रफल जमिनमा खरबुजा लगाउनुभएको छ । जलाधार क्षेत्रमा झोलुङ्गे पुल निर्माणसँगै खोलाको कटान नियन्त्रणमा राज्यले चासो दिएमा कृषि उत्पादन र जल पर्यटनका माध्यमबाट आर्थिक समृद्धिका लागि महत्त्वपूर्ण उपलब्धि हुने स्थानीयको दावी छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ बाझीपोखरी संरक्षण तथा प्रर्वदन गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नाम : बाझीपोखरी संरक्षण तथा प्रवर्दन
ठेगाना : पोखरा-२१
योजना सम्झौता मिति : २०८१/०९/२८ गते
योजना शुरु मिति : २०८१/०९/२९ गते
योजना सम्पन्न मिति : २०८२/०२/१५ गते
कुल लागत : रु. १०,५४,२०९.०६
पोखरा महानगरपालिकाबाट : रु.१०,००,०००।-
जनसहभागिताबाट : रु.५४,२०९.०६
उपभोक्ता समिति अध्यक्ष : दयाराम भण्डारी मो.९८४६३०४२९२
उपभोक्ता समिति सदस्य संख्याः ७
महिलाः ५ पुरुषः २
अनुगमन समिति संयोजकः नारायण दत्त अधिकारी

**बाझीपोखरी संरक्षण तथा प्रवर्दन उपभोक्ता समिति पोखरा-२१**


# मकालु हिमाल आरोहण गर्ने क्रममा एक अमेरिकी नागरिकको मृत्यु

**रासस**
काठमाडौं, २२ बैशाख

विश्वको पाँचौँ अग्लो मकालु हिमाल आरोहण गर्ने क्रममा एक अमेरिकी पर्वतारोहीको मृत्यु भएको छ।

मकालु गाउँपालिकाअन्तर्गत रहेको यो हिमाल आरोहण गर्ने क्रममा ३९ वर्षीय अमेरिकी नागरिक एलेक्स जेण्डर पन्काओको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अभिषेक श्रेष्ठले जानकारी दिनुभयो । उहाँको आइतबार राति मृत्यु भएको हो।

मृतक एलेक्स हिमालयन गाइड्स नामक ट्रेकिङ कम्पनीमार्फत मकालु हिमाल आरोहणका लागि आउनुभएको थियो । तेस्रो क्याम्पसम्म पुगेर बास बस्न दोस्रो क्याम्प फर्किएपछि उहाँको मृत्यु भएको प्रहरी निरीक्षक श्रेष्ठले बताउनुभयो।

मृतक एलेक्स अन्य तीन विदेशी र चार जना नेपाली नागरिकसहित मकालु हिमाल आरोहणका लागि २७ अप्रिलमा सोलुखुम्बु हुँदै सङ्खुवासभा आउनुभएको थियो । उहाँको मृत्युको कारण खुल्न सकेको छैन । मृतकको शव निकाल्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ। यहाँसँगै गएका अन्य फ्रान्सेली सदस्यहरू सकुशल रहेको बताइएको छ । घटनास्थल सदरमुकाम खाँदबारीबाट १२ दिनको पैदल दूरीमा पर्दछ।

यातायात र सञ्चार सेवा नभएका कारण मकालु क्षेत्र भौगोलिक रूपमा विकट मानिन्छ । मृतकको शव हेलिकप्टरमार्फत ल्याउन ट्रेकिङ कम्पनीसँग समन्वय भइरहेको प्रहरीले जनाएको छ। घटनाको जानकारी पाएलगत्तै आज दिउँसो नै प्रहरी घटनास्थलतर्फ गएको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ शितला देवि देखि भेटेनरीको चोकसम्म सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः शितला देवि देखि भेटेनरीको चोकसम्म सडक स्तरोन्नती पोखरा-१२
योजना शुरु हुने मितिः २०८१/१०/२८ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३१ गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/२३ गते
योजनाको कुल लागतः रु. २५,८८,७८६.४
महानगरपालिकाबाटः रु. २२,००,०००।-
जनसहभागिताबाटः रु.३,८८,६८६.४
अध्यक्षः सारदा लामिछाने सम्पर्क नं.: ९८५६०८६१९७
निर्माण समिति सदस्य संख्याः ११
महिलाः ७, पुरुषः ४

**शितला देवि देखि भेटेनरीको चोकसम्म सडक स्तरोन्नती उपभोक्ता समिति पोखरा-१२**